नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साईबर ब्यूरो

फोन: ९८५१२८६७७०, ०१-४२११०४४
Ext:
Email: cyberbureau @nepalpolice.gov.np
भोटाहिटी, काठमाण्डौ

मिति: २०७७-१०-०७ गते।

# प्रेस विज्ञप्ती

## सामाजिक संजालमा महिलालाई अश्लिल भिडियो,फोटो तथा सन्देश पठाई यौन उत्पिडन कार्य गर्ने एवं हैरानी गर्ने व्यक्ति पक्राउ।

परिचित महिला साथी सल्यानी-२० (नाम परिवर्तित) लाई सामाजिक संजाल फेसबुकको म्यासेन्जर मार्फत अश्लिल भिडियो, फोटो तथा सन्देश पठाई यौन उत्पिडन कार्य गर्ने एवं हैरानी दिने जिल्ला सल्यान साविक कालागाउँ गा.वि.स. वडा नं. २ बाल्ले घर भई हाल कुमख गाउपालिका वडा नं. ४ सेराडाडा बस्ने वर्ष ३६ को रमेश शाही भन्ने रवि शाहीले विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ बमोजिमको कसुर गरेको पाईएको हुँदा सम्मानीत जिल्ला अदालत काठमाण्डौबाट पक्राउ अनुमती लिई जिल्ला प्रहरी कार्यालय सल्यानको सहयोगमा मिति २०७७-१०-०५ गते पक्राउ गरी थप अनुसन्धान कार्य भई रहेको ।

**प्रवक्ता एवं सूचना अधिकारी**
(नविन्द अर्याल)
प्रहरी बरिष्ठ उपरीक्षक

***पुनश्च:-*** *अश्लिल तथा यौनजन्य सामाग्रीहरु कम्प्यूटर, इन्टरनेट लगायतका विद्युतीय वा अन्य माध्यमहरुबाट प्रकाशन, प्रशारण वा प्रदर्शन गर्नु सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्दमा हुने, व्यक्तिलाई अपमान तथा हैरानी गर्ने, घृणा वा द्वेष फैलाई समाजमा विकृती विसंगती बढाउने हुदाँ कानूनद्वारा दण्डनीय भएकोले कसैले पनि त्यस्तो कार्यहरु नगर्न र नगराउनु हुन अनुरोध गरिएको छ।*